# प्रेस विज्ञप्ती

पौष २६, २०७७

## सिद्धार्थ बैंकको “स्मार्ट टेलर” सेवा सञ्चालनमा

ग्राहक महानुभावहरुलाई डिजिटल प्रविधिको बैंकिङ्ग सुविधा उपलब्ध गराउने उद्देश्यका साथ सिद्धार्थ बैंक लिमिटेडले नयाँ सेवा “स्मार्ट टेलर” सञ्चालनमा ल्याएको छ । यस सुविधा सञ्चालन पश्चात् ग्राहकहरुले चेक वा एटिएम कार्ड साथमा नभए पनि क्यूआर कोड स्क्यान गरी आफ्नो बैंक खाताबाट सहजै रकम झिक्न/निकाल्न सक्नुहुनेछ जसले गर्दा ग्राहकहरुको समयको बचत हुनेछ र बैंकिङ्ग सेवा अझ बढि सुविधाजनक हुनेछ ।

ग्राहकहरुले आफ्नो मोबाईल बैंकिङ्ग एप (सिद्धार्थ बैंकस्मार्ट) बाट बैंकको काउन्टरमा रहेको क्यूआर कोड स्क्यान गरी दैनिक एक लाखसम्म र मासिक दश लाखसम्मको रकम निकाल्न सक्नुहुनेछ ।

बैंकले, कार्ड सेवा, मोबाईल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, अनलाईनबाटै खाता खोल्न सकिने तथा क्रेडिट कार्ड आवेदन दिन सकिने सुविधा जस्ता विभिन्न डिजिटल बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ र आगामी दिनहरुमा पनि बैंकिङ्ग सेवाहरुलाई अझ बढि आधुनिकिकरण गर्दै जाने उद्देश्य बैंकले लिएको छ ।